डाँडाखेत सबस्टेशनको पूर्वाधार निर्माण सकियो

म्याग्दी । म्याग्दीको मालिका गाउँपालिका-७ डाँडाखेतमा विद्युत् सबस्टेशनको पूर्वाधार निर्माण सकिएको छ । नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित डाँडाखेत-राहुघाट प्रसारणलाइन आयोजनामार्फत सबस्टेशनको पूर्वाधार निर्माण सकेर उपकरण जडान थालिएको हो । आयोजना प्रमुख रोशन अग्रवालले डाँडाखेत सबस्टेशनमा उपकरण राख्ने जग्गा र भवन तयार भएको जानकारी दिए ।

'एकाउन्न रोपनी जग्गामा निर्माण भएको डाँडाखेत सबस्टेशनमा १३३/३३ केभी, ३० एमभीए क्षमता र एआइएस प्रविधिको उपकरण जडान अन्तिम चरणमा पुगेको छ,' उनले भने, 'म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय ग्रीडमा जोड्ने उद्देश्यले सबस्टेशन निर्माण हुन लागेको हो ।'

डाँडाखेतदेखि रघुगंगा गाउँपालिका-३ राहुघाटको अम्बाङ जोड्ने २५ किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेशन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा ३ अर्ब ५७ करोड रुपैयाँमा लार्सन एण्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद आगामी कात्तिक २९ गतेसम्म थप भएको छ ।

'समग्रमा ७९ दशमलव १७ प्रतिशत भौतिक प्रगति भएको छ,' आयोजना प्रमुख अग्रवालले भने, 'राहुघाटमा कमजोर भूबनोट र विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाइ र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले आयोजना निर्माणको समय बढेको हो ।'

१३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ५९ ओटा टावरको जग राखिएकोमा ४५ ओटा टावरको काम पूरा भएको छ । चार ओटाबाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ। प्रसारणलाइन र सबस्टेशनको ८५ प्रतिशत उपकरण आयात भइसकेको छ ।

२२०/१३२/३३ केभी, २०० एमभीए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउन जग्गाको फाउण्डेशन सकेर संरचना निर्माण थालिएको छ । अम्बाङमा सबस्टेशन बनाउन ६ वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो ।

निर्माण कम्पनीले पछिल्लोपटक केही दिनअघि भारतबाट करीब एक सय जना जनशक्ति ल्याएको छ। कुल चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र तीन अर्ब ८२ करोड एशियाली विकास बैंकको ऋण लगानी छ ।

रघुगंगा गाउँपालिका-३, बेनी नगरपालिकाको ९, १०, मंगला गाउँपालिका-१, मालिकाको वडा नं ६ र ७ मा प्रसारणलाइनको टावर निर्माणस्थल हुन् । टावर रहने निजी जग्गाधनीलाई रू. एक करोड ५० लाख मुआब्जा वितरण र वनक्षेत्र प्रयोग गरेबापत चार करोड ५० लाख रुपैयाँमा जग्गा खरीद गरेर सरकारलाई उपलब्ध गराएको छ ।

म्याग्दी नदीमा १७२ दशमलव ८ मेगावाट क्षमताको चारओटा जलविद्युत् आयोजना निर्माण शुरू भएका छन् । राहुघाटमा ३५ दशमलव पाँच मेगावाटको चिमखोला-राहुघाट-मंगले र २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले परीक्षण उत्पादन थालेका छन् ।

कुल ४८ दशमलव ५ मेगावाट क्षमताको अपर राहुघाट, ४० मेगावाट क्षमताको राहुघाट र २३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् ।

तुदी पावरले बताएको चिमखोला-राहुघाट-मंगले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रसारणलाइनमा विद्युत् आपूर्ति गराउन थालेका हुन् । *रासस*

'घरेलु बालश्रम रोक्न स्थानीय सरकार जिम्मेवार'

भक्तपुर । काठमाडौं उपत्यकामा घरेलु क्षेत्रमा काम गर्ने बालबालिकाको अवस्था, कारक तत्व र अनुभवको खोजी समेटेर तयार पारेको 'काठमाडौं उपत्यकामा घरेलु बालश्रमिकको जीवन' सार्वजनिक गरिएको छ ।

घरेलु बालबालिकाको क्षेत्रमा विगत ३० वर्षदेखि कार्य गर्दै आएको संस्था समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) ले गरेको अध्ययन पुस्तकमा घरेलु बालश्रमिकको जीवनीलाई समेटेर तयार पारेको तथ्यांक समेटिएको छ ।

कार्यक्रममा सिविसकी संस्थापक अध्यक्ष शान्ति अधिकारीले बालश्रमिक रोक्न बनेको कानूनको कार्यान्वयन आवश्यक रहेको बताइन् । हाल भइरहेकै ऐन, नीति र कानूनलाई कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिँदै उनले समस्या जहाँ छ, त्यहींबाट समाधान खोज्दै बालबालिकालाई श्रममा आउन नदिने शिक्षा र रोजगारीलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

अन्तरराष्ट्रिय श्रम संगठनका नारायण भट्टराईले १८ वर्ष उमेर नपुगी श्रममा लगाउन नपाइने स्पष्ट कानूनी व्यवस्था भए पनि कामको प्रकृति विभाजन हुनुपर्ने बताए । वर्ल्ड भिजनका भरत तामाङले कानूनले बालश्रमलाई निषेध गरेको बताउँदै सरकारले २०८२ भित्रै सबै प्रकारका बालश्रमको अन्त्य गर्ने घोषणा गरे पनि हालकै अवस्थामा त्यो सम्भव नहुने बताए ।

पाहुना घर निर्माणका लागि नगरपालिकाबाट तीन लाख र सामुदायिक वनबाट सात लाख रूपैयाँभन्दा बढी खर्च गरिएको सिंहपुर सामुदायिक वन समूहका अध्यक्ष जोगराज चौधरीले जानकारी दिए ।

। उनले कानून बन्ने तर कार्यान्वयन फितलो हुने समस्या रहेको बताउँदै घरेलु बालश्रममा हुने अति यातना अन्त्य भए पनि समग्र घरेलु बालश्रम अन्त्यका लागि स्थानीय सरकार जिम्मेवार भएर लाग्नुपर्ने आवश्यकता औंल्याइन् ।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का सदस्यसचिव इन्द्रादेवी ढकालले बालमैत्री स्थानीय शासनदेखि बालश्रम मुक्त स्थानीय तह घोषणासम्मको अभियान सञ्चालन भएको बताउँदै घरेलु बालश्रम अन्त्यका लागि धेरै पालिकामा काम शुरू भएको बताइन् ।

राष्ट्रिय योजना आयोगका सामाजिक शाखा निर्देशक शिवनन्दन पौडेलले घरेलु बालश्रम कानूनले निषेध गरेको बताउँदै यसलाई रोक्न स्थानीय तह सशक्त र सबल भएर कानुन कार्यान्वयनमा लाग्नुपर्ने बताए ।

कार्यक्रममा घरेलु बालश्रमको अवस्थाका बारेमा प्रस्तुतीकरण राख्दै सिविसकी टोली प्रमुख रोजा पोखरेलले एक वर्ष लगाएर घरेलु बालश्रमको अवस्थाबारे अध्ययन र अनुसन्धान गरिएको जानकारी दिइन् । अध्ययनका क्रममा बालश्रमिकले प्रभावकारी शिक्षा, स्वास्थ्य उपचार, परिवारसँग सम्पर्क र पारिश्रमिक नपाएको तथा दैनिक बिहान ४ देखि राति ११ बजेसम्म १७ घण्टा काम गर्नुपर्ने, मानसिक तनाव खेप्नुपर्ने जस्ता समस्या भोगिरहेको पाइएको उनले बताइन् ।

'परिवारमा गरीबी, झैझगडा, शिक्षाका अवसर नपाउनु जस्ता जटिल कारणले घर छोडेर श्रम गर्नुपरेको पाइएको छ । घरेलु बालश्रमिकमध्ये करिब ६८ प्रतिशत बालिका छन्,' पोखरेलले भनिन् । *रासस*

पियोर इनर्जी लिमिटेड

PURE ENERGY LTD

रेडक्रस मार्ग, सोल्टीमोड, काठमाडौं

+977-01 5912812/13/14

इमेल: Info@pureenergynepal.com वेभसाइट: www.pureenergynepal.com

आठौं वार्षिक साधारण सभा सम्बन्धी

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२/०४/२९ गतेका दिन बसेको संचालक समितिको बैठक निर्णय अनुसार यस कम्पनीको साधारण सभा निम्न बिषयहरू उपर छलफल तथा निर्णयको लागि सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय, स्थान:

मिति : २०८२/०५/२४
समय : बिहान १०:०० बजे
स्थान : आनन्द भूमि इभेन्जस, बानेश्वर, काठमाण्डौं

आठौं वार्षिक साधारण सभाका प्रस्तावहरू :

विशेष प्रस्ताव :

१) प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरु निकामक निकायहरु दर्ता गर्ने, उक्त निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

सामान्य प्रस्ताव :

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२) यस कम्पनीको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को कम्पनीको वार्षिक वित्तिय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसुचिहरु) उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षण समितिको सिफारिस मुताबिक लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक पुन:नियुक्तिका लागि योग्य रहेको)
४) संचालक समितिको सम्बन्धमा ।

विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी:

१) कम्पनीको साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र पूर्ण रुपमा भरेर वा आफ्नो कुनै सक्कल आधिकारीक परिचय खुल्ने प्रमाण सहित वा हितग्राही खाता खोलिएको कागजात साथमा लिई आउनुहुन अनुरोध छ । प्रतिनिधी नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा संस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ ।
२) सभामा भाग लिन आउनु हुने सबै शेयरधनी महानुभावहरु वा निजका प्रतिनिधीहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। उक्त हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहनेछ ।
३) नाबालक वा अशक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।
४) सभामा भाग लिनको निमित्त प्रतिनिधी नियुक्त गर्नको लागि शेयरधनीले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधी नियुक्त फारम सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ ।
५) छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई साधारण सभा हुनुभन्दा कम्तीमा ७ (सात) कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ । सो विषय अध्यक्षज्यूको अनुमतिले सभामा छलफलका लागि पेश भएता पनि पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
६) कम्पनीको साधारण सभा प्रयोजनका लागि मिति २०८२/०५/०९ गते १ दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०५/०८ गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन र निर्वाचनमा सहभागी हुन योग्य हुनेछन् ।
७) शेयरधनी महानुभावहरुलाई कम्पनीको साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौमा वा यस कम्पनीको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, सेन्ट्रल प्लाजा, काठमाण्डौंमा सम्पर्क राख्नुहुन अनुरोध छ । कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ । साथै, वार्षिक प्रतिवेदन लगायतका सूचनाहरु कम्पनी वेभसाईट: https://pureenergynepal.com/ मा समेत हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

प्रोक्सी फारम

श्री संचालक समिति
पियोर इनर्जी लिमिटेड
रेडक्रस मार्ग, सोल्टीमोड, काठमाडौं

विषय: प्रतिनिधि नियुक्त गरेको बारे ।

महोदय,
उपर्युक्त .....जिल्ला.....न.पा./गा.पा. .....वडा नं..... बस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०८२ साल भदौ महिना २४ गते मंगलबारको दिन हुने वार्षिक साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएको हुँदा उक्त सभामा तथा मतदान समेत गर्नपर्नेमा सो समेत गर्न मेरो/हाम्रो सट्टामा .....जिल्ला.....म.न.पा/ना.पा./गा.पा. वडा नं. .....बस्ने श्री.....नागरिकता प्रमाण नं .....लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधिको व्यक्तिको हस्ताक्षरको नमुना :

निवेदकको
हस्ताक्षर:.....
नाम:.....
ठेगाना:.....
कि.नं......**देखि**.....**सम्म**
मिति:.....

पियोर इनर्जी लिमिटेड
(आठौं वार्षिक साधारण सभामा)

प्रवेश पत्र

(१) हिनग्राही खाता(BOID)नं.....
(२) शेयर प्रमाणपत्र न :.....
(३) शेयर संख्या :.....
(४) शेयरधनीको नाम:.....
(५) शेयरधनीको हस्ताक्षर (सही):.....

द्रष्टव्य: पियोर इनर्जी लिमिटेड मिति २०८२ भदौ महिना २४ गते मंगलबार (तदनुसार सेप्टेम्बर ९, २०२५) मंगलबार दिन हुने वार्षिक साधारण सभा

द्रष्टव्य :

१) पियोर इनर्जी लिमिटेडको मिति २०८२/०५/२४ (तदानुसार सेप्टेम्बर ९, २०२५) मंगलबारको दिनहुने वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।
२) शेयरधनी महानुभावहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
३) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

पियोर इनर्जी लिमिटेड

PURE ENERGY LTD

रेडक्रस मार्ग, सोल्टीमोड, काठमाडौं

+977-01 5912812/13/14

इमेल: Info@pureenergynepal.com वेभसाइट: www.pureenergynepal.com

Audited Financial Reports
As on Fourth Quarter End of Fiscal Year 2081/82

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.ब. २०८१/०८२ को चौथो त्रैमासिक विवरण

१. वित्तीय विवरण

क) संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तिय विवरण :

Audited Statement of Financial Position

Particulars	As on July 16, 2025 [Ashad 32, 2082] (Audited)	As on April 13, 2025 [Chaitra 30, 2081] (Unaudited)	As on July 15, 2024 [Ashad 31, 2081] (Audited)
Assets			
Non Current Assets			
Property, Plant and Equipment	2,094,635,033.09	2,119,748,097.09	2,192,148,023.07
Intangible Assets	4,235,002.77	4,378,696.00	4,811,354.75
Right-of-use Assets	133,066,678.36	134,527,714.52	138,926,878.36
Other Assets	1,456,839.61	28,856,371.84	3,028,624.65
Investment	27,010,000.00	1,010,000.00	-
Total Non Current Assets	**2,260,403,553.83**	**2,288,520,879.45**	**2,338,914,880.83**
Current Assets			
Inventories	3,365,129.37	137,054.98	137,054.98
Cash and Cash Equivalents	7,906,434.11	1,943,589.33	3,407,972.69
Trade Receivables	45,407,804.00	49,494,103.59	46,063,070.63
Prepayments	3,203,066.79	5,925,554.04	2,666,722.05
Other Assets	24,549.83	3,506,445.88	534,826.00
Total Current Assets	**59,906,984.10**	**61,006,747.82**	**52,809,646.35**
Total Assets	**2,320,310,537.93**	**2,349,527,627.27**	**2,391,724,527.18**
Equity and Liabilities			
Equity			
Share Capital	800,000,000.00	640,000,000.00	640,000,000.00
Share Application Money	-	40,480,000.00	-
Other Equity	3,837,901.67	(17,321,021.56)	(22,694,696.44)
Total Equity	**803,837,901.67**	**663,158,978.44**	**617,305,303.56**
Non Current Liabilities			
Long Term Borrowings	1,393,957,454.61	1,528,886,190.61	1,595,801,879.00
Total Non Current Liabilities	**1,393,957,454.61**	**1,528,886,190.61**	**1,595,801,879.00**
Current Liabilities			
Trade Payables	4,128,714.85	23,632,098.88	24,856,104.76
Short Term Borrowings	86,969,424.00	106,741,351.00	123,277,365.07
Other Liabilities	30,270,505.66	27,109,008.34	30,483,874.79
Provisions	1,146,537.14	-	-
Total Current Liabilities	**122,515,181.65**	**157,482,458.22**	**178,617,344.62**
Total Equity and Liabilities	**2,320,310,537.93**	**2,349,527,627.27**	**2,391,724,527.18**

Audited Statement of Profit or Loss

Particulars	For the Period ended July 16, 2025 [Ashad End 2082] (Audited)	For the Period ended April 13, 2025 [Chaitra End 2081] (Unaudited)	For the Period ended July 15, 2024 [Ashad End 2081] (Audited)
Revenue From Operations	259,256,915.80	187,943,799.80	200,747,296.63
Other Income	15,191,585.98	129,097.00	3,801,800.00
Total Income	**274,448,501.78**	**188,072,896.80**	**204,549,096.63**
Expenses:			
Cost of Plant Operation	14,158,724.43	9,945,100.47	9,083,533.23
Employee Cost	11,935,023.58	9,055,203.58	8,519,689.00
Administration Expenses	9,527,824.92	7,504,066.28	10,684,249.57
Extraordinary Expenses	-	-	4,095,660.00
Borrowing Cost	101,114,031.72	76,283,817.04	110,244,234.84
Depreciation and Amortization	104,774,487.96	78,056,694.57	79,501,976.86
Total Expenditure	**241,510,092.61**	**180,844,881.94**	**222,129,343.50**
Profit/(Loss) Before CSR,Bonus and Tax	**32,938,409.17**	**7,228,014.86**	**(17,580,246.87)**
Provision for Bonus	639,580.76	-	-
Provision for CSR	319,790.38	-	-
Profit/(Loss) Before Tax	**31,979,038.03**	**7,228,014.86**	**(17,580,246.87)**
Less: Income Tax	-	-	-
Net Profit/(Loss) After Tax	**31,979,038.03**	**7,228,014.86**	**(17,580,246.87)**

ख) प्रमुख वित्तीय सूचकहरु:

क्र.सं	विवरण	यस त्रैमासिको अन्त्य सम्मको	अघिल्लो त्रैमासिको अन्त्य सम्मको	अघिल्लो आ.व. को यसै त्रैमासिको अन्त्य सम्मको
१	प्रति शेयर आम्दानी (रु.)	४.७०	१.१३	(३.०२)
२	प्रति शेयर नेटवर्थ (रु.)	१००.४८	९७.४५	९६.४५
३	प्रति शेयर सम्पत्ती मूल्य (रु.)	२९०.०४	३४५.२८	३७३.७१
४	तरलता अनुपात	०.४९	०.३९	०.३०
५	ऋण पूँजी अनुपात	१.८४	२.४७	२.७८

२. व्यवस्थापकीय विश्लेषण

क) कम्पनीले सौर्य विद्युत आयोजना संचालन तथा विद्युत उत्पादन गर्न १० मे.वा सौर्य PV विद्युत आयोजना ब्लक- १ र १० मे.वा सौर्य PV विद्युत आयोजना ब्लक- २ को अनुमतिपत्र प्राप्त गरेको थियो । कम्पनीद्वारा प्रवर्द्धित १० मे.वा सौर्य PV विद्युत आयोजना ब्लक-१ र १० मे.वा सौर्य PV विद्युत आयोजना ब्लक-२ परियोजना मार्फत उत्पादित कुल २० मे.वा. विद्युत खरिद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच छुट्टाछुट्टै विद्युत खरीद विक्री सम्झौता समेत सम्पन्न भइसकेका छन । यस त्रैमासिकमा कम्पनीको खातामा नियमित विद्युत बिक्रीबाट रकम भुक्तानी प्राप्त भएको छ। आगामी अवधिमा पनि यस कम्पनीको आयोजनाको व्यवस्थापनको विश्लेषण गर्दै व्यवसायिक रुपले सक्षम तरिकाबाट संचालक गरी अधिकाधिक विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई उपलब्द गराउने योजना छ ।

ख) कम्पनीले आफ्नो उत्पकृट सेवाको लागि यस परियोजनाले Solar Quarter Leadership Award 2024 for Solar Company of the Year: Developer (Platinum) and Solar Quarter Grand Masters Award 2024 for CEO of the Year को उपाधि प्राप्त गरेको छ।

ग) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको साँवा तथा व्याजको भुक्तानी नेपाल राष्ट्र बैंक द्वारा समय समयमा निर्देशित सुविधाहरु प्राप्त गर्दै निर्धारित समयमा भुक्तानी गरि रहेको छ।

३. कानूनी कारबाही सम्बन्धी विवरण

१. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए ।
यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

२. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।
यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

३. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।
यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन । नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०८१/८२ को चौथो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोवारको विवरण देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मुल्य(रु.)	शेयरको न्यूतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
१,३२७.९	२८९.३	८७१.७१	३५	७,८६,६२४

५. समस्या र चुनौती

कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाहय समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।

६. संस्थागत सुशासन

संगठित संस्थाले वहन गर्नुपरेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन संस्थामा आई पर्ने संस्थाको आन्तरिक र बाहृय समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागी आवश्यक कार्यान्वयन र गर्ने गरेको छ। यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिबृद्धिका लागि सदैव उच्च प्राथमिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरु व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरि आएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ । मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरुलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।